# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरेको विवरण देहाय बमोजिम रहेको छ ।

**(विवरण सार्वजनिक गरेको अवधिः २०८२ कार्तिक १ गतेदेखि २०८२ पौष ३० गतेसम्म)**

१. **निकायको स्वरुप र प्रकृतिः**
कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम सञ्चालित राष्ट्रिय स्तरको विकास बैंक ।

२. **निकायको काम, कर्तव्य र अधिकारः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ ।

३. **निकायमा रहेका कर्मचारी संख्या र विवरणः**
हाल कार्यरत कर्मचारी संख्या १०५९ रहेको र विकास बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भइरहेको छ । व्यवस्थापन समूहका सदस्यहरुको नाम विकास बैंकको वेबसाइटः www.garimabank.com.np मा हेर्न सकिन्छ ।

४. **निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्थाले प्रदान गर्न सक्ने सम्पूर्ण बैकिङ्ग सेवाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरण विकास बैंकको वेबसाइटः www.garimabank.com.np मा प्रकाशित गरिएको छ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**
सेवा प्राप्त गर्न लाग्ने दस्तुर तथा अवधि सम्बन्धी जानकारी यस विकास बैंकको कुनै पनि शाखामा सम्पर्क गरी जुनसुकै बेला पनि प्राप्त गर्न सकिनेछ । साथै, दस्तुर सम्बन्धी विवरण यस विकास बैंकको वेबसाइटः www.garimabank.com.np मा समेत उपलब्ध छ ।

७. **निर्णय गर्ने प्रकृया र अधिकारीः**
बैकिङ्ग कारोबारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले विकास बैंकको आन्तरिक नीति, नियम, विनियम तथा कार्यविधिहरुको अधिनमा रही गर्न सक्ने व्यवस्था रहेको छ । नियमित कार्य सञ्चालनको सन्दर्भमा प्रमुख कार्यकारी अधिकृत र नीतिगत निर्णयको सन्दर्भमा सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन् ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः**
ग्राहकहरुले गुनासो तथा उजुरी गर्नका लागि प्रत्येक शाखामा उजुरी पेटिका राखिएको छ । बरिष्ठ प्रबन्धक श्री इश्वरी प्रसाद ढकाललाई गुनासो सुन्ने अधिकारी तोकिएको छ । निजको नाम र ठेगाना यस प्रकार रहेको छ ।

| | |
|---|---|
| नाम | : श्री इश्वरी प्रसाद ढकाल |
| पद | : बरिष्ठ प्रबन्धक |
| ठेगाना | : गरिमा विकास बैंक लि.,केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौं । |
| फोन नं. | : ०१-४५४५४२४/२५/२६, ईमेल : gunaso@garimabank.com.np |

९. **सम्पादन गरेको कामको विवरणः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्थाले गर्न सक्ने सम्पूर्ण बैकिङ्ग कारोबारहरु सम्पादन भइरहेका छन् ।

१०. **प्रमुख सूचना अधिकारीको नाम र पदः**
निकायको सूचना प्रदान गर्न विकास बैंकका नायब प्रमुख कार्यकारी अधिकृतलाई प्रमुख सूचना अधिकारी तोकिएको छ । निजको नाम, ठेगाना र सम्पर्क नम्बर यस प्रकार रहेको छ ।

| | |
|---|---|
| नाम | : श्री अनिल रेग्मी |
| पद | : नायब प्रमुख कार्यकारी अधिकृत |
| ठेगाना | : गरिमा विकास बैंक लि., केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौं । |
| फोन नं. | : ०१-४५४५४२४/२५/२६, ईमेलः anil.regmi@garimabank.com.np |

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः**
प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु विकास बैंकले पालना गर्नु अनिवार्य भएकोले बैकिङ्ग कार्यका लागि सोही बमोजिम ऐन, नियम, विनियम र निर्देशिकाहरु पालना गरिएका छन् ।
१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ती शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोबार ऐन, २०६३
९. मुलुकी देवानी संहिता, २०७४
१०. श्रम ऐन, २०७४
११. विनिमय अधिकारपत्र ऐन, २०३४
१२. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
१३. आयकर ऐन, २०५८
१४. सूचनाको हक सम्बन्धी ऐन, २०६४
१५. प्रचलित नेपाल कानून र उपयुक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१६. नेपाल राष्ट्र बैंकद्वारा जारी सम्पूर्ण निर्देशिका, परिपत्रहरु ।

१२. **आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः**
विकास बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण त्रैमासिक रुपमा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित हुनुको साथै विकास बैंकको वेबसाइटः www.garimabank.com.np मा समेत राखिएको छ ।

१३. **प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगानाः**
विकास बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।

| | |
|---|---|
| नाम | : श्री माधव प्रसाद उपाध्याय |
| पद | : प्रमुख कार्यकारी अधिकृत |
| ठेगाना | : गरिमा विकास बैंक लि., केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौं |
| फोन नं. | : ०१-४५४५४२४/२५/२६, इमेल : madhav.upadhaya@garimabank.com.np |

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरणः**
विकास बैंकले बैकिङ्ग कारोबार सम्बन्धी कार्यहरु गर्दै आइरहेको छ । हालसम्म कुनै विशेष प्रकारको कार्यक्रम आयोजना वा सञ्चालन गरेको छैन ।

१५. **सार्वजनिक निकायको वेबसाइटको विवरणः www.garimabank.com.np**

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः**
हालसम्म कुनैपनि वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग प्राप्त नगरिएको ।

१७. **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदनः**
विकास बैंकले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन विभिन्न राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ भने विकास बैंकको आफ्नो वेवसाइटमा समेत अद्यावधिक गरिएको छ ।

१८. **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचना नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**
हालसम्म सूचना वर्गीकरण नगरिएको ।

१९. **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः**
विकास बैंकले सार्वजनिक गरेको तथा प्रचलित कानून बमोजिम प्रदान गर्न मिल्ने सूचनाहरु माग भई आएमा सम्बन्धित निवेदकको माग बमोजिम सूचना उपलब्ध गराउने गरिएको छ ।

२०. **सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सो को विवरणः**
विकास बैंकको वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेबसाइटमा समेत प्रकाशन गरिएको छ । साथै विकास बैंकका आर्थिक विवरणहरु त्रैमासिक रुपमा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गरी वेबसाइटः www.garimabank.com.np मा समेत राखिएको छ ।

**गरिमा विकास बैंक लिमिटेड**
**Garima Bikas Bank Limited**
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

**केन्द्रीय कार्यालयः** काठमाण्डौं-२, लाजिम्पाट, **फोन :** ०१-४५४५४२४/२५/२६,
**वेबसाइटः** www.garimabank.com.np